# विश्व न्याय गृह
## रिज्वान २००५

संसारभरिका बहाईहरू

अति प्रिय मित्रहरू,

निर्माणधीन युगको पाँचौ समयावधिको प्रारम्भदेखि बहाई संसारमा भएका उपलब्धीहरूले हामीलाई असीमित हर्ष पैदा गरेका छ। गएका बाह्र महिना पनि यस्तै नै रहे। बहाई समुदायले आफ्नो सुनियोजित प्रगति गर्दै रह्यो र अहिले, पाँच वर्षे योजनाको अन्तिम वर्षमा प्रवेश गर्ने बेलामा, आफूलाई एउटा अचम्मको शक्ति प्राप्त गरेको अवस्थामा पाएको छ - यो सबै ठाउँमा मित्रहरूले फौजको संख्यामा प्रवेशको प्रकृयालाई प्रवर्धन गर्न गरेका कठिन, विचारयुक्त प्रयासहरूबाट प्राप्त भएको शक्ति हो।

हाल भइरहेको प्रगतिको पूरा महत्व बुझाउन नसकिएपनि कस्ता उपलब्धीहरू हासिल भइरहेको छन् भन्ने कुराको परिमाण प्राप्त तथ्याङ्कहरूले देखाएका छन्। दुईलाख भन्दा बढी मानिसहरूले रुही प्रतिष्ठानको पुस्तक १ पूरा गरिसकेका छन् र कयौं हजार यस्तो स्तरमा पुगेका छन् जहाँ उनीहरू प्रभावकारी ढंगले अध्ययन कक्षाका ट्यूटर बन्न सक्नेछन्। यस्ता कक्षाहरू बढ्दो संख्यामा विश्वको प्रत्येक भागमा आयोजना भइरहेका छन् र सबैभन्दा पछिल्लो आँकडा अनुसार यो संख्या १०,००० भन्दा बढी पुगेको छ। मुख्य क्रियाकलापहरूमा भाग लिने इच्छुकहरूको संख्या बढ्दै गइरहेको छ र केही महिना अगाडि सम्ममा यो संख्या एक लाख नाघिसकेको छ। साथै १५० क्लष्टरहरू विकासको यस्तो अवस्थामा पुगेका छन् कि त्यहाँ सघन वृद्धि कार्यक्रम या त शुरु गरिसकियो या शुरु गरिने अवस्थामा छ। पाँच वर्षे योजनाको अन्त्यसम्ममा यो संख्या पूरा गर्न सकिन्छ भन्ने संकेत देखिइसकेको छ।

यी उपलब्धीहरूको प्रशंसा गर्दा तिनीहरूलाई प्राप्त गर्नका लागि आवश्यक कुराहरू सिक्ने काममा भएको प्रगतिलाई पनि स्वीकार्नु पर्छ। आवश्यक पुर्वाधारहरू सृजना भईसकेकाले प्रभु धर्मको विसतार र सुदृढीकरणमा लागि सुनियोजित कार्यक्रमहरू शुरू भइसकेका छन्। सघन प्रतिष्ठान अभियानहरू पनि आवश्यक मात्रामा अभ्यासहरू गरेर क्लष्टर वृद्धि प्रवद्धन गर्ने प्रमुख माध्यम बनेका छन्। सघन वृद्धि कार्यक्रमको प्रकृतिबारे अमूल्य ज्ञान जम्मा भइरहेको छ र यी प्रयासहरूका केही लक्षणहरू राम्ररी मनन् भईसकेको छ। यस्ता कार्यक्रमहरूमा श्रेणीवद्ध चक्रको आधारमा काम गर्ने प्रवृति हुँदोरहेछ र प्रति चक्र केही महिनाको हुने र त्यस अवधिमा योजना बनाउने, विस्तार गर्ने र सुदृढ पार्ने कामहरू गर्नु पर्ने अनुभवहरू प्राप्त भएका छन्। मानव संसाधनको विकास एक चक्रबाट अर्को चक्रमा अटुट तरीकाले जान्छ र यस्तो क्रममा यो निश्चित गर्नु पर्ने रहेछ कि बिस्तारको प्रकृयालाई स्थायित्व दिने मात्र होइन यसका अतिरिक्त यसको गति क्रमिक रुपले बढ्दै जानु पनि पर्दछ। यसमा कुनै शंका छैन कि अरु धेरै पाठहरू सिक्न बाँकी नै छ, तर प्राप्त भइसकेका अनुभवहरूको आधारमा विश्वका कयौं क्लष्टरहरूमा बढ्दो संख्यामा यसलाई कार्यन्वयन गर्न सम्भव देखिएको छ।

यस्ता उपलब्धीहरूको संख्यात्मक र गुणात्मक दुवै आयामहरू छन् भन्ने कुराहरूबाट साँच्चै नै सन्तोष लिन सकिन्छ। यी उपलब्धीहरूको मुख्य कारण भने सबै स्थानका बहाई समुदायको आध्यात्मिक जीवनको निरन्तर वृद्धि नै हो। यो नयाँ आध्यात्मिक प्राणशक्तिका कारण विविध पृष्ठभूमिका मानिसहरू प्रार्थना सभा, बाल कक्षा र अध्ययन समूहहरूमा बढ्दो संख्यामा सहभागी बनेका छन्, जसको कारण धेरै पटक तिनीहरूले बहाउल्लाहलाई यस युगका ईश्वर अवतार भनी स्वीकारेका छन् र आफ्नो आस्थाको घोषणा गरेका छन्।

यसैगरी विश्व केन्द्रमा पनि कुराहरू भएका छन् । हामीले यो निर्णय गऱ्यौं कि विश्वभरिका सबै क्षेत्रीय र राष्ट्रिय हुकुकुल्लाहका बोर्डहरूलाई मार्गदर्शन गर्न र सुपरिवेक्षण गर्नका लागि एउटा अन्तर्राष्ट्रिय "**बोर्ड अफ ट्रस्टिज**" स्थापना गर्ने यो उपयुक्त समय हो । यसले हुकुकुल्लाहका प्रमुख ट्रस्टी ईश्वरका धर्म-भूजा डाक्टर अली-मुहम्मद भार्गासँग निकत्म सम्बन्ध राखेर काम गर्नेछ र आफ्नो कार्य सम्पादनमा उहाँका ज्ञान र सर-सल्लाहबाट फाइदा लिनेछ । अन्तर्राष्ट्रिय बोर्ड अफ ट्रस्टिजमा नियुक्त भएका तीन सदस्यहरू हुनुहुन्छ :– स्याली फू, रामिन् खादेम र ग्रान्ट माल्हाई । उहाँहरूको कार्यावधि पछि तोकिनेछ । बोर्डका सदस्यहरू पवित्र भूमिमा सर्नुहुने छैन तर आफ्नो काम कार्वाहीको लागि विश्व केन्द्रमा अवस्थित हुकुकुल्लाहको सेवाका कार्यालयहरू प्रयोग गर्न सक्नुहुनेछ ।

सबै स्तरहरूमा र सबै दिशाहरूमा प्रभु धर्मले उल्लेखनीय प्रगति हासिल गर्दैछ विस्तार र सुदृढिकरणका क्षेत्रमा स्थानीय स्तरमा भएका उपलब्धीहरूदेखि अन्तर्राष्ट्रिय स्तरमा भएका संस्थागत विकासहरूसम्म समुदायमा बढ्दै गएका एकताका यी उत्साहवर्धक चिन्हहरू यस्तो समयमा आएका छन् त्यसबेला समाजमा पतनका संकेतहरू दुर्भाग्यवश, झन झन प्रष्ट हुँदै गइरहेका थिए । विचलित अवस्थामा फसेको यो विश्वमा भएको तहसनहस विवरणहरूको यहाँ विश्लेषण गर्नु आवश्यक छैन । तर यो विर्सनु हुँदैन कि यस्तै परिस्थितिहरूले नै दैवी संन्देशहरू प्रतिको ग्रहणशीलता बढाइदिन्छ र तिनीहरूको विस्तारका लागि नयाँ मौकाहरू सृजना गरिदिन्छ ।

हाम्रो २६ नोभेम्बर १९९९ को सन्देशमा हामीले बहाई समुदायलाई निर्माणधीन युगको पहिलो शताब्दीका अन्तिम वर्षहरूसम्म पुऱ्याउनका लागि आवश्यक केही क्रमबद्ध विश्व-व्यापी अभियानहरूको चर्चा गरेका थियौं । हामीले भनेका थियौं कि प्रत्येक योजना फौजको संख्यामा प्रवेशको प्रकृयालाई अघि बढाउने मुख्य उद्देश्यमा केन्द्रित रहनेछ । यस क्रमको पहिलो योजना अर्थात वर्तमान पाँच वर्षे योजना आगामी १२ महिनाहरूमा सकिन्छ, जुन बखत हामीले फेरि बहाउल्लाहका अनुयायीहरूलाई पाँच वर्ष लामो अर्को योजना शुरु गर्न आव्हान गर्नेछौं । हामी मित्रहरूलाई आव्हान गर्दछौं कि यो वीचको समय अवधिमा आफ्नो सम्पूर्ण बल अन्तर्राष्ट्रिय प्रशिक्षण केन्द्रले सशक्त रुपमा प्रर्वधन गरिरहेको सुनियोजित ज्ञानलाई दृढताकासाथ कार्यान्वयन गरुन् । यसरी योजनाका बाँकी दिनहरूमा आफूले स्थापित गरेको जगलाई झन् बलियो बनाउने यो अमूल्य मौका कुनै बहाईले पनि गुमाउनु हुँदैन, ताकि आगामी रिज्वानमा यी भन्दा महत्वकाँक्षी अभियानहरू प्रारम्भ गर्न सकियोस् । पवित्र स्थलहरूमा गरिने हाम्रा ढृढ प्रार्थनाहरूले तपाईहरूलाई सहयोग गर्नेछन् ।

विश्व न्याय गृह